तीन

# सामाजिक विश्लेषणमा यथास्थानीय संरक्षण

जगन्नाथ अधिकारी, शरद घिमिरे र हरिप्रसाद ढुङ्गाना

जैविक विविधता घट्दै गएको सन्दर्भमा यसलाई संरक्षण गर्नुपर्दछ भन्ने तर्क अगाडि आयो र सँगसँगै कसरी संरक्षण गर्ने भनेर प्रश्न पनि आयो । सुरुमा मानवीय समस्याले यो विविधता कम भएको भन्ने बुझाइका आधारमा मानवरहित अवस्थामा र यथास्थानमा नै जैविक-विविधता संरक्षण हुनुपर्दछ भन्ने धारणा अगाडि ल्याइयो । यसलाई यथास्थानीय संरक्षण (in-situ conservation) भनियो । यसबाहेक संरक्षणको अर्को तरिका कुनै स्थानमा लोप हुन लागेका जाति प्रजाति अर्को स्थानमा लगेर संरक्षण गर्ने प्रक्रिया हो, जसलाई परस्थानीय संरक्षण (ex-situ conservation) भनिन्छ । यसको उदाहरणका रूपमा वनस्पति उद्यान वा बीउ वा जीन (अनुवंश) बैङ्कलाई लिन सकिन्छ ।

जैविक विविधताको यथास्थानीय संरक्षण गर्ने थलोहरू नै संरक्षित क्षेत्र (protected area) हुन्, जसबारे यो लेख केन्द्रित छ । तर यथास्थानीय संरक्षणका स्थानहरू संरक्षित क्षेत्र मात्रै होइनन् । संरक्षित क्षेत्रबाहेक नेपालमा सामुदायिक, धार्मिक वा अन्य परम्परागत वन क्षेत्र रहेको वास्तविकतालाई पनि नकार्न सकिँदैन । तथापि नेपाल वा अन्य धेरै मुलुकमा संरक्षित क्षेत्र नै यथास्थानीय संरक्षणका प्रमुख स्थान हुन् । नेपालमा संरक्षित क्षेत्रका रूपमा राष्ट्रिय निकुञ्ज,

वन्यजन्तु आरक्ष, शिकार आरक्ष, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, रामसार क्षेत्र तथा विश्व सम्पदा क्षेत्र पर्दछन् । संरक्षित क्षेत्रको प्रकृतिअनुरूप मानिसको प्रवेश वा प्रयोगमा विभिन्न प्रकार र स्तरको रोक अवरोध लगाइन्छ । तर सामाजिक प्रभावको लेखाजोखाबिना यी रोक अवरोधबाट मात्र संरक्षणले दिगो सफलता पाउन सक्दैन ।

संरक्षणबारे भएका धेरैजसो अध्ययन अनुसन्धानका विश्लेषण र बहस पनि जीवविज्ञान वा विशुद्ध वातावरणीय विज्ञानमा आधारित छन् (यद्यपि ती अध्ययनको पनि उत्तिकै महत्त्व छ) जसले नीतिनिर्माणमा बढी पकड जमाएका छन् । यस्ता अध्ययन संरक्षणका सामाजिक तथा मानवीय पक्षमा मौन रहेका हुन्छन् । तसर्थ यस्ता प्राविधिक विश्लेषणले मात्र संरक्षणको पूर्ण बुझाइलाई सघाउँदैनन् । यस्तो अवस्थामा संरक्षणको सामाजिक विश्लेषण जरुरी हुन्छ, खासगरी संरक्षणको अवधारणाकै उत्पत्तिदेखि अहिलेका प्रयाससम्म ।

## संरक्षित क्षेत्रको अवधारणाको उत्पत्ति

संरक्षित क्षेत्र निर्माण गर्नुको मुख्य उद्देश्य जैविक विविधताको संरक्षण गर्नु हो भन्ने आम बुझाइ छ । नेपालको पुरानो संरक्षित क्षेत्र मानिने चितवनको मृगकुञ्ज सतहमा हेर्दा मृग संरक्षणका लागि स्थापना भएको देखिए पनि खासमा राजा महेन्द्रले आफ्ना लागि मृग शिकार गर्ने प्रयोजनका निम्ति स्थापना गरेका थिए । फेरि त्यसबेला मानवीय जनसङ्ख्याको चापले वातावरण विनाश गरेको मान्यताले मूलधारमा पकड जमाएको थियो । यसअनुसार जनसङ्ख्या वृद्धिसँगै कृषि क्षेत्र विस्तार हुँदै जाँदा जङ्गलको क्षेत्रफल क्रमशः कम हुँदै गयो भनेर मानियो । फलस्वरूप जङ्गल तथा अन्य प्राकृतिक स्थलमा बस्ने, हुर्कने जीवजन्तु तथा वनस्पति क्रमशः विस्थापित हुँदै गए । उपयुक्त बासस्थानको अभावमा तिनीहरू क्रमशः लोप पनि हुन थाले । यस प्रक्रियाबाट केही जाति/प्रजाति पूर्णरूपमा लोप पनि भए र जैविक विविधता क्रमशः घट्दै गयो । यसबाट अहिलेका पुस्तालाई मात्र नभई आउने सन्ततिलाई पनि प्रतिकूल असर पर्ने भएकाले संरक्षण क्षेत्रहरू बनाउने अवधारणा विकास भएको हो ।

सुरुमा मानवबाट टाढै राखेमा मात्रै प्रकृतिको संरक्षण हुन्छ भन्ने मान्यता थियो । मानिसको उपभोगवादी संस्कृति र प्रविधिको विकासबाट प्रकृतिलाई नियन्त्रणमा ल्याउन सकिने अवस्थाले गर्दा भएको प्रकृतिको दुरुपयोगका कारण मानिसलाई नै प्रकृतिको ठूलो शत्रु मानिएको थियो । प्रकृतिको दुरुपयोग हुनुमा र प्रकृति संरक्षणका लागि मानिसलाई टाढा लैजानुपर्ने अवस्था आउनुमा पश्चिमी

देशका यहुदी तथा ख्रिष्टीय (Judeo-Christianity) धर्महरूले पनि सघाउ पुऱ्याएका छन् । यी धर्म तथा परम्पराका साथै अहिलेको पूँजीवादी संस्कारमा पनि मानिसलाई नै प्रकृतिको मालिक मानिएको हुन्छ र प्रकृतिलाई फगत मानवले हस्तक्षेप गर्नसक्ने र उपभोग्य सामग्रीका रूपमा प्रयोग गर्न सक्ने वस्तु (object for human intervention and commodification) का रूपमा लिइन्छ (Parajuli 1998: 25)। तर यसको विपरीत पूर्वीय मूल्य मान्यताका प्रणालीमा मानव जीवनको प्रकृतिसँगको सहअस्तित्वलाई जयगान गरिएको र एक हिसाबले प्रकृतिलाई दैवीकरण गरिएको छ। पश्चिमा धर्म मान्यताको प्रभावले गर्दा मानिसले प्रकृतिको संरक्षणभन्दा नियन्त्रण र क्षणिक फाइदामा जोड दिन थाले । तर पछि प्रकृतिको दुरुपयोग भएको देखेर संरक्षणवादीहरूले मानिसलाई प्रकृतिको शत्रु देख्न थाले । अनि प्रकृति संरक्षण गर्न तोकिएको क्षेत्रबाट मानिसलाई टाढा राख्न थालियो । संरक्षित क्षेत्रबाट मानिस हटाउने वा टाढा राख्ने सिद्धान्त यही कारणबाट सुरु भएको हो ।

संयुक्त राज्य अमेरिकामा सन् १८७२ मा स्थापित यलोस्टोन पार्कसँगै संरक्षित क्षेत्र वा निकुञ्जको अवधारणा विकास भएको हो । यसलाई नै सबैभन्दा पुरानो संरक्षित क्षेत्र मानिएको छ । यसपछि अमेरिकालगायत अन्य राष्ट्रमा पनि संरक्षित क्षेत्रको अवधारणा व्यवहारमा ल्याउन थालियो। यी सबै संरक्षित क्षेत्रको एउटै मान्यता थियो, प्रकृतिलाई मानिसभन्दा टाढा राख्ने र प्रकृतिलाई आफ्नै अवस्थामा मानिसको कुनै हस्तक्षेपबिना छोड्ने । ती संरक्षित क्षेत्रलाई असर पर्ने ठाउँमा बसोबास गर्ने व्यक्तिलाई अन्यत्र सारिएको थियो। तर, प्राकृतिक सौन्दर्यको दृश्यावलोकन गर्न सीमित र नियन्त्रित रूपमा मानिसलाई ती क्षेत्रभित्र जान दिइन्थ्यो । यही अवधारणाअनुसार नेपाललगायत अन्य देशमा निकुञ्ज तथा आरक्ष निर्माण गरिएको थियो। नेपालका संरक्षण नीति पनि विश्वमा चलेका यिनै संरक्षणवादी अवधारणाले प्रभावित भए (Parajuli 1998, Muller-Boker 1999)।

नेपालमा संरक्षित क्षेत्र स्थापनाका केही निश्चित मान्यता थिए भनेर प्रस्ट बुझ्न सकिन्छ, जसले स्थानीय फाइदा र रैथाने समूहको प्रकृतिसँगको अन्तरसम्बन्धलाई बेवास्ता गरेका थिए। ती मान्यतामा पहिलो संरक्षित क्षेत्र स्थापना भएका क्षेत्र राष्ट्रिय महत्त्वका वा राष्ट्रिय सम्पत्ति हुन्, जसको नियन्त्रण र व्यवस्थापन केन्द्रीय राज्यको सुरक्षा निकाय र कर्मचारीतन्त्रबाट हुने भन्ने थियो। यसै मान्यताका आधारमा ती संरक्षित क्षेत्रको सुरक्षा सेनाबाट हुने व्यवस्था गरिएको हुनुपर्छ। दोस्रो मान्यता, प्रकृतिलाई प्राकृतिक अवस्थामै मानवबाट

टाढा राख्नुपर्ने मान्यता हो, जुन विश्वव्यापी संरक्षणवादी र नव माल्थसवादी वातावरणवाद (बढ्दो मानवीय जनसङ्ख्या नै वातावरण विनाश, गरिबी तथा अन्य सङ्कटको प्रमुख कारण हो भन्ने मान्यता) बाट समर्थित थियो । खासगरी सन् १९७० को दशकको हिमालय क्षेत्रको वातावरणीय सङ्कटको सिद्धान्त (Theory of Himalayan Environmental Degradation) बाट नेपालमा यो मान्यता भित्रिएको हुनुपर्छ । त्यसबाहेक शिकारीबाट प्रकृतिप्रेमी हुन पुगेका राजा महेन्द्रको 'सम्पन्नताको अवस्थामा उच्च जीवनस्तरबाट निस्केको र अभौतिक (non-material) आकर्षणको वातावरणवाद'[१] को मान्यताले पनि निकुञ्ज वा आरक्ष स्थापनामा काम गरेको थियो । अघि नै भनेजस्तै अमेरिकाको यलोस्टोन नेशनल पार्कबाट उद्‌गम भएको मानवरहित संरक्षण मान्यताको अन्तर्राष्ट्रिय संरक्षणवादी सैद्धान्तिक अवधारणाको यो नेपाली अवतारले अन्तर्राष्ट्रिय सहयोग (आर्थिक) पनि प्राप्त गऱ्यो । प्रकृति संरक्षणलगायत पञ्चायतकालीन प्राकृतिक स्रोत व्यवस्थापनका बहस र नीतिहरू दाताबाट सञ्चालित विकास परियोजनाका महत्त्वपूर्ण अङ्ग बनेका थिए (Guthman 1997) । मानिसलाई बाहेक गरेर नेपालमा थालिएको संरक्षण प्रयास त्यसबेला सरकारबाट निकालिएका राष्ट्रिय निकुञ्ज वा आरक्षका परिचयात्मक पुस्तक-पुस्तिकामा उल्लिखित निकुञ्ज तथा आरक्षका परिभाषामा प्रस्ट देख्न सकिन्छ (जस्तै- एचएमजी मिति उल्लेख नभएको) । ती प्रकाशनमा मानवको स्थानीय बासिन्दाको आवतजावत बन्देज गर्ने प्रावधानलाई पुष्टि गरिएको पाइन्छ ।

## प्रकृति-संस्कृति विभाजन : सैद्धान्तिक आलोचना

पश्चिमा मूल्य मान्यता र धर्म परम्परामा आधारित प्रकृति र संस्कृति (मानव समाज) लाई छुट्ट्याएर हेर्ने प्रयास नेपाललगायत अन्य कम विकसित मुलुकको स्थितिमा लागू नहुने तर्क अगाडि आएको छ (Parajuli 1998) । यही अवधारणाले गर्दा वातावरणीय र सामाजिक न्यायसम्बन्धी विभिन्न समस्या उब्जिएको मानिन्छ ।

---

१ गुहा तथा मार्टिनेज-अलिअर (Guha and Martinez-Alier 1998: 35-36) ले विभिन्न प्रकारका वातावरणवादको चर्चा गर्ने क्रममा गरिबीमा जीविका तथा बाँच्नका लागि हुने वातावरणवादसँग तुलना गर्दै सम्पन्नताको अवस्थामा उच्च जीवनस्तरको वातावरणवादलाई उल्लेख गरेका छन् । उनीहरूका अनुसार त्यो वातावरणवाद भौतिक आवश्यकता सम्पन्न भएपछिको जीवन (post-materialistic life) मा जाने क्रममा भौतिक आवश्यकताको सहज परिपूर्तिसँगै प्रकृतिमा सीधै निर्भर हुने अवस्था घट्दै जाँदा प्राकृतिक सौन्दर्यप्रतिको प्रेम र महत्त्व दर्शाउने मान्यता हो ।

बेलायत हुँदै भारतको देहरादुनबाट नेपाल पसेको जर्मन वन-विज्ञान र वन्यजन्तु तथा वन्यस्थल (wilderness) संरक्षण गर्ने प्रणालीले प्रकृति र संस्कृतिलाई छुट्ट्याएर दुई भिन्न पक्ष भएको मान्यता राखेको थियो भनेर दक्षिणका अध्येताहरूले पनि आफ्नो अध्ययनका आधारमा बताउँदै आएका छन् (Shiva 1991, Guha and Martinez-Alier 1998)।

वास्तवमा कतिपय देशमा संस्कृति र प्रकृति छुट्टाछुट्टै नभई एकापसमा जोडिएका पक्ष हुन् । विभिन्न ठाउँका रैथाने (indigeneous) समुदाय आफ्नो सामाजिक सम्बन्धमा वरपरको जैविक-भौगोलिक र अलौकिक (super-natural) पक्षलाई पनि समाहित गर्दछन् । यस कारणले कतिपय प्राकृतिक जीव/वस्तु धार्मिक महत्त्वका कारणबाट संरक्षित भएका छन् र यसरी संरक्षित स्रोतबाट समुदायको जीविकोपार्जनमा पनि सहयोग पुग्छ । यही अवधारणा पुष्टि गर्न अध्ययनकर्ताले वन्यजन्तुलाई त्यहाँका रैथाने समुदायले नभई बाहिरी शक्तिले लोपप्राय: स्थितिमा पुऱ्याएको भनेका छन् । जस्तै चितवनको बाघ लोप हुनुमा स्वदेशी तथा विदेशी राजा-महाराजा तथा प्रभुत्वशाली वर्गले गर्ने शिकारलाई बढी जिम्मेवार ठानिन्छ । उनीहरूले आफ्नो मनोरञ्जनका अतिरिक्त वन्यजन्तुको डर घटाएर कृषि क्षेत्र विस्तार गरी सरकारी राजस्व बढाउने उद्देश्यले शिकार खेल्ने योजना बनाउँथे । निकुञ्ज स्थापना भएका स्थानमा बसोबास गरिरहेका स्थानीय समुदायले वन्यजन्तुलाई संरक्षण गरिरहेका थिए । तर निकुञ्जको स्थापनापछि स्थानीय बासिन्दालाई मुख्य अवरोधका रूपमा हेर्ने गरियो । थारू, बोटे, दराई, कुमाल र मुसहर जातिले जीविकोपार्जनका लागि प्रयोग गर्दै आएका वनजङ्गल र खोलानाला निकुञ्ज आरक्षभित्र पऱ्यो । नयाँ अवधारणाले गर्दा उनीहरूलाई त्यो क्षेत्रबाट किनारीकृत र विस्थापित गरियो । यसले गर्दा उनीहरूको जीविकोपार्जनमा ठूलो समस्या आउन थाल्यो । संरक्षित क्षेत्र र स्थानीय समुदायबीच द्वन्द्वको स्थिति पनि देखापऱ्यो । पछि, खासगरी नेपालको सन् १९९० को राजनीतिक परिवर्तनपछि र विकास एवं स्रोत व्यवस्थापनमा स्थानीय समुदायको सहभागिता तथा फाइदाको न्यायोचित वितरणको बहस विश्वव्यापी स्तरमा उठेपछि, पुरानो ढाँचाको संरक्षित क्षेत्रको संरचनामा केही खकुलो पार्दै (जस्तै- नियन्त्रित वा सीमित रूपमै भए पनि स्रोत सङ्कलनको अनुमति दिइने प्रक्रिया), स्थानीय समुदायको सहभागितालाई कुनै ठाउँ दिँदै (जस्तै- मध्यवर्ती क्षेत्र कार्यक्रम) तथा नयाँ संरचनाका संरक्षित क्षेत्रको विकास गर्दै (जस्तै- नेपालका केही संरक्षण क्षेत्र) जनतासँगको विरोधाभासपूर्ण सम्बन्धलाई केही हदसम्म सम्बोधन गर्न खोजिएको पाइन्छ ।

## नेपालका संरक्षित क्षेत्र

नेपाल अहिले आफ्नो भौगोलिक क्षेत्रफलको अनुपातमा धेरै क्षेत्रफल संरक्षित क्षेत्रभित्र राख्न सफल भएको देश मानिन्छ। नेपालको कुल क्षेत्रफलको करिब २० प्रतिशत १६ ओटा संरक्षित क्षेत्र तथा तिनका मध्यवर्ती क्षेत्रले ढाकेका छन् जबकि विश्वको क्षेत्रफलको ११ प्रतिशत मात्र संरक्षित क्षेत्रले ओगटेको छ।[२] यी १६ ओटा संरक्षित क्षेत्रमध्ये नौ राष्ट्रिय निकुञ्ज, तीन वन्यजन्तु आरक्ष, तीन संरक्षण क्षेत्र र एउटा शिकार आरक्ष छन् (हेर्नुहोस् अध्याय १, तालिका १.१०)। नौ राष्ट्रिय निकुञ्जमध्ये छ ओटामा र तीन वन्यजन्तु आरक्षमा मध्यवर्ती क्षेत्र स्थापना गरिएको छ। नेपालका चार सम्पदा विश्वसम्पदा सूचीमा राखिएका छन्। तीमध्ये दुई प्राकृतिक सम्पदा छन् भने दुई सांस्कृतिक सम्पदा। प्राकृतिक सम्पदामा सगरमाथा र चितवन राष्ट्रिय निकुञ्ज पर्दछन् भने सांस्कृतिक सम्पदामा लुम्बिनी र काठमाडौँ उपत्यका पर्दछन्। नेपालमा चार रामसार क्षेत्र (विश्वव्यापी महत्त्वको सीमसार क्षेत्र) छन्, ती हुन् कोशीटप्पु राष्ट्रिय निकुञ्जको सीमसार क्षेत्र, बीसहजारी ताल, जगदीशपुर जलाशय (मानव निर्मित) र घोडाघोडी ताल।

संरक्षित क्षेत्रको वितरण क्षेत्रफलको हिसाबले उच्च पहाड र हिमाली क्षेत्रमा ८६ प्रतिशत छ भने तराईमा ३ प्रतिशत र मध्यपहाडी क्षेत्रमा १० प्रतिशत छ। यी संरक्षित क्षेत्रले नेपालको धेरैजसो पारिस्थितिकीय प्रणाली (ecosystems) को प्रतिनिधित्व गर्दछन्। तराईको उष्ण प्रदेशीय (tropical area) क्षेत्रदेखि हिमाली शीतोष्ण क्षेत्र र उत्तरी हिमालपारिको क्षेत्र (trans-Himalayan) को ८० प्रतिशत पारिस्थितिकीय प्रणालीको प्रतिनिधित्व यी १६ संरक्षित क्षेत्रले गरेका छन्। सगरमाथा र चितवन राष्ट्रिय निकुञ्ज विश्व सम्पदा सूचीमा क्रमशः सन् १९७९ र १९८४ मा समावेश भएका थिए भने कोशी-टप्पु वन्यजन्तु आरक्ष सन् १९८७ मा रामसार स्थलका रूपमा समावेश भएको थियो।

गैरसरकारी संस्थाका रूपमा स्थापना भएको राष्ट्रिय प्रकृति संरक्षण कोष (पहिलेको श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष) बाट अन्नपूर्ण संरक्षण क्षेत्र

---

[२] पछिल्लो पटक नेपाल सरकारले विश्व वन्यजन्तु कोषको सहयोगमा चितवन राष्ट्रिय निकुञ्ज र बर्दिया राष्ट्रिय निकुञ्जलाई जोड्ने वन्यजन्तु मार्ग (corridor) बनाउने योजना 'ताल' (तराई आर्क लेण्डस्केप) परियोजना अन्तर्गत बनाएको छ। यसअन्तर्गत यी दुई संरक्षित क्षेत्रबीचको जङ्गल एउटा पेटी (बेल्ट) को रूपमा कायम गरिनेछ। यो अवधारणा भू-स्वरूप संरक्षण (landscape based conservation) गर्ने सिद्धान्तमा आधारित छ, जसअन्तर्गत एउटा समग्र भू-क्षेत्रको पर्यावरण प्रणालीको जैविक विविधता जोगाउन सहयोग पुग्छ।

सञ्चालित छ भने बाँकी सबै संरक्षित क्षेत्र सरकारी निकायबाट सञ्चालन भएका छन् । शिवपुरी जलाधार तथा वन्यजन्तु आरक्षको व्यवस्थापन वन तथा भू-संरक्षण मन्त्रालयअन्तर्गतको विकास समिति बोर्डबाट हुन्छ भने बाँकी सम्पूर्ण संरक्षित क्षेत्रहरू राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष विभागअन्तर्गत व्यवस्थित गरिएका छन् ।[३]

## संरक्षित क्षेत्रसम्बन्धी नीति, कानुन र योजनागत व्यवस्था

नेपालको अन्तरिम संविधान २०६३ को धारा ३५(५) ले वातावरणीय संरक्षणलाई प्राथमिकता दिने तथा देशका दुर्लभ जीवजन्तु, वन तथा वनस्पतिको संरक्षणमा विशेष व्यवस्था गर्ने प्रावधान राखेको छ । उक्त संविधानका अन्य प्रावधानमा भनिएको छ : राज्यले वातावरण स्वच्छ राख्न आवश्यक व्यवस्था गर्नेछ, जनसाधारणमा वातावरणीय स्वच्छताको चेतना बढाई भौतिक विकाससम्बन्धी क्रियाकलापद्वारा वातावरणमा प्रतिकूल असर पर्न नदिन एवं वातावरण तथा दुर्लभ वन्यजन्तुको विशेष संरक्षणमा राज्यले प्राथमिकता दिनेछ, वन र वनस्पति तथा जैविक विविधताको संरक्षण, दिगो उपयोग र त्यसबाट प्राप्त लाभमा समन्यायिक बाँडफाँटको व्यवस्था गर्नेछ । त्यस्तै प्रकारले धारा ५(१८) मा मौलिक ज्ञानसम्बन्धी पनि विशेष व्यवस्था छ । यसमा भनिएको छ : मुलुकमा विद्यमान परम्परागत ज्ञान, सीप र अभ्यासको पहिचान र संरक्षण गर्दै त्यसलाई आधुनिकीकरण गर्ने नीति राज्यले अवलम्बन गर्नेछ ।

नेपालको २०४७ सालको संविधानसँगै आएको वन क्षेत्रको गुरुयोजना (foresty sector master plan) ले पनि जैविक विविधताको यथास्थानीय र परस्थानीय संरक्षणमा ध्यान दिएको छ । यस योजनाले संरक्षित क्षेत्रको प्रभावकारी प्रबन्धन र जैविक विविधताको संरक्षणलाई प्राथमिकतामा पारेको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ ले वन्यजन्तुको संरक्षण र संरक्षित क्षेत्रको प्रबन्धमा कानुनी व्यवस्था गरेको छ । यसबाहेक अन्य नियमावलीले संरक्षित क्षेत्रको प्रबन्धमा सघाउ पुऱ्याउने देखिन्छ । यी नियमावलीमा मुख्यतया (शाही) चितवन राष्ट्रिय निकुञ्ज नियमावली २०३०, (शाही) बर्दिया राष्ट्रिय

---

[३] नेपाल सरकारले आर्थिक वर्ष २०६०/६१ को बजेट घोषणामा पाँच ओटा राष्ट्रिय निकुञ्जबाहेक अन्यलाई निजी क्षेत्र र गैरसरकारी संस्थालाई ठेक्कामा व्यवस्थापन गर्न दिन सकिने प्रावधान राखेको छ । यो प्रावधानले नेपालको जैविक विविधता नष्ट हुने, जैविक चोरी बढ्ने तथा स्थानीय बासिन्दाको जीविकोपार्जनमा थप सङ्कट आउन सक्ने भनेर औँल्याइएको थियो (श्रेष्ठ २०६० पनि हेर्नुहोस्) ।

निकुञ्ज नियमावली २०५३, हिमाली राष्ट्रिय निकुञ्ज नियमावली २०६३, वन्यजन्तु आरक्ष नियमावली २०३४, संरक्षण क्षेत्र व्यवस्थापन नियमावली २०५३, मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली २०५३ र मध्यवती क्षेत्र व्यवस्थापन निर्देशिका २०५६ पर्दछन् । त्यस्तै प्रकारले जलचर संरक्षण ऐन २०१८, जलस्रोत ऐन २०४९, वन ऐन २०४९ र वातावरण संरक्षण ऐन २०५३ ले पनि संरक्षित क्षेत्रको व्यवस्थापनलाई असर पार्दछन् । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनको २०५० सालमा चौथो संशोधन भएको थियो, जसले स्थानीय समुदायको सहभागितालाई विशेष महत्त्व प्रदान गरेको छ । (नेपालको जैविक विविधता तथा वातावरण र प्रकृति संरक्षणसम्बन्धी कानुनी व्यवस्थाबारे थप चर्चा यसै पुस्तकको अध्याय ७ मा गरिएको छ ।)

## मध्यवर्ती क्षेत्र र रैथाने समुदाय

संरक्षित क्षेत्रबाट स्थानीय समुदाय र रैथाने समूहलाई फाइदा पुऱ्याउने उद्देश्यले सन् १९९३ मा राष्ट्रिय निकुञ्ज र वन्यजन्तु संरक्षण ऐनको चौथो संशोधन गरिएको थियो । संशोधित ऐनअनुसार राष्ट्रिय निकुञ्ज वा आरक्षले प्राप्त गर्ने आम्दानीको ३० देखि ५० प्रतिशतसम्म मध्यवर्ती क्षेत्र (निकुञ्जले असर पार्ने वरिपरिको क्षेत्र) मा सामाजिक विकास तथा स्रोत संरक्षणमा खर्च गर्नुपर्दछ । यस्ता कार्यक्रम स्थानीय स्रोतको दिगो संरक्षण गर्नुका साथै स्थानीय आवश्यकता परिपूर्ति गर्न र जैविक विविधता संरक्षण गर्नमा केन्द्रित हुनुपर्दछ भन्ने मान्यता छ । मध्यवर्ती क्षेत्रको कार्यक्रममा सहयोग पुऱ्याउन मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली २०५३ पनि आइसकेको छ, जसले मध्यवर्ती क्षेत्रमा गर्नुपर्ने कार्य तथा कार्यप्रणालीबारे विस्तृत निर्देशन दिन्छ । यसको संरचना चित्र ३.१ बाट अझ प्रस्ट हुन्छ । (नेपालका मध्यवर्ती क्षेत्रको संक्षिप्त विवरण अध्याय १ को तालिका १.१० मा दिइएको छ ।)[४]

मध्यवर्ती क्षेत्र विकास गर्नुको मुख्य उद्देश्य संरक्षित क्षेत्रमा पर्ने मानवीय चाप घटाउनु हो । मध्यवर्ती क्षेत्रमा स्रोत विकास भएमा संरक्षित क्षेत्र नजिक बस्ने समुदायले आफूलाई आवश्यक पर्ने वनजन्य उत्पादन आफ्नै क्षेत्रबाट प्राप्त गर्न सक्छन् र उनीहरू निकुञ्जभित्रको स्रोतमा कम निर्भर हुन्छन् । यसले गर्दा

---

४ पौडेल र अरूहरूका अनुसार नेपालका मध्यवर्ती क्षेत्रको सङ्ख्या अहिलेसम्म ११ पुगिसकेको छ (Paudel et al 2007)। थप मध्यवर्ती क्षेत्रबारे विस्तृत विवरण प्रकाशित रूपमा प्राप्त हुन नसकेकाले अध्याय १ को तालिका १.१० मा छ ओटा मध्यवर्ती क्षेत्र मात्र उल्लेख छ ।

निकुञ्जमा चाप कम हुन्छ। त्यस्तै प्रकारले ती संरक्षित क्षेत्रबाट हुने फाइदाको वितरणमा पनि यसबाट सहयोग पुग्दछ। शिक्षा, स्वास्थ्य, खानेपानीजस्ता सामुदायिक कार्यमा लगानी बढाउनाले स्थानीय बासिन्दाको निकुञ्जप्रति नकारात्मक भावनामा परिवर्तन आउँछ। हाल निकुञ्जको वनलाई पूर्ण नियन्त्रण गर्ने तर व्यक्तिगत तथा निकुञ्जबाहिरको सार्वजनिक क्षेत्रमा स्रोतको विकास गर्ने र कृषिको सघनता बढाउने नीति लिइएको छ।

**चित्र ३.१ : मध्यवर्ती क्षेत्र विकास कार्यक्रम**




मध्यवर्ती क्षेत्र विकास कार्यक्रमबाट वितरण हुने निकुञ्जको फाइदा त्यहाँको रैथाने बासिन्दालाई नपुगेको केही अध्ययनले देखाएका छन्। बोटे, माझी, मुसहरजस्ता समुदाय, जो परम्परादेखि खोलानाला तथा संरक्षित क्षेत्रभित्र परेको स्रोतमा जीविकोपार्जनका लागि निर्भर रहे, उनीहरूसँग आफ्नो निजी सम्पत्ति नभएकाले मध्यवर्ती कार्यक्रमअन्तर्गत उपलब्ध हुने शिक्षा, बाटो, सिँचाइ, कृषि आदिबाट उनीहरूलाई कुनै लाभ पुगेको छैन। सस्तो व्याजदरमा पाइने ऋण सुविधाबाट पनि तिनले फाइदा लिएका छैनन्। अझै पनि तिनको बस्ती निकुञ्ज नजिक भएकाले जङ्गली जनावरले तिनीलाई नै बढी सताएको छ। मध्यवर्ती विकास परिषद्मा पनि उनीहरूको खासै प्रतिनिधित्व हुँदैन। यसकारण मध्यवर्ती क्षेत्रको अवधारणाबाट पनि पिछडिएका जाति/वर्गलाई फाइदा पुगेको छैन। संरक्षित क्षेत्र स्थापनाको बेफाइदाको बढी अंश भने यिनै रैथाने समूहले व्यहोर्नुपरेको छ। कार्यक्रमबाट जग्गा भएका तर निकुञ्जको असर कम भएका र साधारणतया पहाडबाट बसाइँ सरेका वर्गलाई भने केही सुविधा पुगेको छ। रैथानेहरू ऐतिहासिक कालदेखि नै पीडित हुँदै आएका छन्। पहिले पहिले काठमाडौँका सम्भ्रान्त परिवार र उनीहरूका विदेशी पाहुना त्यस क्षेत्रमा शिकार खेल्न जाँदा

यिनै रैथाने जातिले झारा स्वरूप प्रत्येक परिवारबाट एक पुरुष श्रमदान गर्न जानुपर्दथ्यो । शिकार खेल्न आउनेलाई खानका लागि राम्रो अन्न, खसी-बोका, आदि सित्तैमा दिनुपर्दथ्यो । यिनीहरूको आर्थिक अवस्था कमजोर हुनु र उत्पादित वस्तु जोगाएर सम्पत्ति जम्मा गर्न नसक्नुको एउटा कारण शिकार खेल्ने वर्गको शोषण पनि थियो, जसलाई त्यतिबेलाको राज्यले कानुनी मान्यता दिएको थियो ।

## संरक्षणको बोझ र वातावरणीय अन्याय

कोशी-टप्पु वन्यजन्तु आरक्षमा गरिएको एक अध्ययनले सर्वसाधारणले आरक्षबाट दुःख पाएको तथा आरक्ष प्रबन्धकले जनताबाट सहयोग नपाएको तथ्य उजागर गरेको थियो (Adhikary 2000)। बालीनाली नष्ट हुने, मानिसलाई जथाभावी गाली-गलौज गर्ने र दुःख दिने तथा दण्ड दिँदा पक्षपात गर्ने आदि समस्या जनताले भोगेका थिए। आरक्षभित्र जनावर गएमा जनावरलाई समात्ने र लिलाम गर्ने तथा जनावरको धनीलाई सजाय दिने कार्य भएको उक्त अध्ययनमा जनाइएको थियो। अध्ययनमा परेकामध्ये करिब ३४ प्रतिशत घरले आरक्षबाट फाइदाभन्दा बढी दुःख पाएको गुनासो गरेका थिए । यस्ता निचोड अन्य संरक्षित क्षेत्रका अध्ययनबाट पनि प्राप्त भएका छन् ।

संरक्षित क्षेत्र वरिपरि बस्नेहरूको मुख्य समस्या हो- त्यहाँ संरक्षित वन्यजन्तुले बालीनाली नष्ट गरिदिने र घरमा पालेका पशुपंक्षी मारिदिने। यी स्रोतहरू स्थानीय बासिन्दाको आधारभूत जीविकाकै लागि पनि एकमात्र वा ठूलो सम्पत्ति हो। कतिपय अवस्थामा त मानिसलाई समेत वन्यजन्तुले मारेको छ। यस्तो हानि नोक्सानीको प्रायः पूर्ण रूपमा हर्जाना नपाइने ती अध्ययनबाट बुझिन्छ। अहिले यसका लागि केही पैसा छुट्ट्याइएको त छ तर यसले धेरैलाई हर्जाना तिर्न पुग्दैन। त्यसकारण कि थोरै हर्जाना लिनुपर्दछ कि त थोरै पीडितले मात्र हर्जाना पाउँछन्। तालिका ३.३ मा चितवन राष्ट्रिय निकुञ्जमा संरक्षित वन्यजन्तुले नवलपरासी जिल्लाका सात ओटा सीमावर्ती गाविसमा २०५७ सम्म गरेको मानवीय क्षति उदाहरण स्वरूप दिइएको छ।

अहिले राष्ट्रिय निकुञ्जको सङ्ख्या र क्षेत्रफल नथपिएको अवस्थामा पनि संरक्षणसँग वरिपरिका जनताको द्वन्द्व चलिरहेको पाइन्छ। यी द्वन्द्व मुख्य रूपले निकुञ्ज वा आरक्षबाट प्राप्त हुने आयमा सर्वसाधारणको पहुँच नपुग्ने, ती क्षेत्रभित्रको स्रोतको प्रयोग गर्न नपाउने र संरक्षणसम्बद्ध कर्मचारीले दुःख दिने कार्यबाट सिर्जित छन्। निकुञ्ज वा आरक्षमा अवस्थित सेनाबाट पनि वरिपरिका जनता, विशेषतः महिला पीडित छन्। त्यस्तै त्यहाँका थारू, बोटे, माझी

आदिलाई बेलाबेलामा चोरी शिकारीको आरोपमा दु:ख दिइन्छ । यी सबै कारणले संरक्षित क्षेत्र र जनताबीचको द्वन्द्वको स्थिति कायमै छ । सरकारको नयाँ नीति (मध्यवर्ती क्षेत्र विकास कार्यक्रम) अनुसार संरक्षित क्षेत्रको आम्दानीको ३० देखि ५० प्रतिशत त्यहाँका वरिपरिका जनताले पाउनुपर्ने प्रावधान छ । तर त्यसअनुसार काम भएको छ वा छैन भन्ने अनुगमन कार्य हुँदैन र यो आम्दानी संरक्षणको कारणबाट पीडित समूहसम्म पुगेको छैन ।

**तालिका ३.३ : चितवन राष्ट्रिय निकुञ्जका जनावरले नवलपरासीका जनतामा पुऱ्याएको शारीरिक क्षति (वि.सं.२०५७ सम्म)**

| गाविस | मृत्यु सङ्ख्या | अङ्गभङ्ग हुनेको सङ्ख्या |
|---|---|---|
| दिव्यपुरी | १ | - |
| पिठौली | १३ | ७ |
| कावासोती | ८ | ६ |
| अग्यौली | ३ | २ |
| कुमारवर्ती | ४ | ५ |
| कोल्हुवा | ६ | - |
| नारायणी | ११ | ३ |
| **जम्मा** | **४६** | **२३** |

स्रोत: घिमिरे २०५८ ।

स्थापनाकालदेखि नै निकुञ्ज र त्यस वरपरका स्थानीय जनताबीच रहेको शत्रुतापूर्ण सम्बन्ध अहिले कुन स्तरमा छ भनेर खासै अध्ययन भएको पाइँदैन । भर्खरैको एक अध्ययनलाई उद्धृत गर्दै पौडेल र अरूले सबै संरक्षित क्षेत्रमा, खासगरी तराई क्षेत्रमा, स्थानीय वनमा आश्रित समूहसँग संरक्षित क्षेत्रको द्वन्द्व कायमै रहेको जनाएको छ (Paudel et al 2000: 45) । राष्ट्रिय निकुञ्ज तथा आरक्षका जङ्गली जनावरबाट बालीनालीको नोक्सानी, पशुहरूको नाश तथा मानिसको शारीरिक क्षति वा मृत्यु आदि घटनाका रूपमा वरिपरिका स्थानीय किसानले बोझ बोकेका छन् । क्षतिपूर्तिबापत स्थानीय जनताले कुनै सहायता नपाउने र महिला तथा कमजोर वर्गले दुर्व्यवहार खेप्नुका साथै दण्ड जरिवानासमेत बढी तिर्नुपर्ने स्थिति भएको ती अध्ययनले देखाउँछन् । यसले गर्दा राष्ट्रिय निकुञ्ज वा आरक्ष क्षेत्रबारे जनतामा सकारात्मक धारणा विकास भएको छैन । यसले अन्तत: संरक्षण कार्यलाई नै बाधा पुऱ्याएको छ ।

संरक्षित क्षेत्रको स्थापना वा विस्तारबाट परम्परादेखि बसिआएका समुदाय स्रोतको उपयोगबाट वञ्चित भएका प्रशस्त उदाहरण छन् । विभिन्न आदिवासी

समुदायले युगौँदेखि आफ्ना वरिपरिका प्राकृतिक स्रोत तथा वन्यजन्तुलाई आफ्नै मौलिक तरिकाले उपभोग गर्दै आइरहेका हुन्छन्। उनीहरू र उनीहरूको सामाजिक-सांस्कृतिक प्रक्रिया पनि त्यहाँको पारिस्थितिकीय प्रणालीका अभिन्न अंश हुन्। तर ती समुदायको कुनै पनि सहभागिता वा सहमतिबिना निकुञ्ज वा आरक्षको स्थापना हुन्छ र इन्धन, दाउरा, घाँसपात, माछा वा जडीबुटी सङ्कलन तथा गाईबस्तु चराउने काममा बन्देज लाग्छ। यसबाट स्रोत उपभोग गर्न पाउने परम्परागत अधिकार हनन् हुन्छ। त्यतिमात्र नभई अन्तर्राष्ट्रिय सन्धि सम्झौता (जस्तै- नेपालमा भर्खरै पारित भएको अन्तर्राष्ट्रिय श्रम सङ्गठनको आइएलओ १६९) का मान्यता तथा प्रावधानसमेत हनन् हुन जान्छन्। यसरी यी संरक्षणका प्रयासबाट कुनै वैकल्पिक उपायको अभावमा जीविकोपार्जन नै पूर्णरूपले असुरक्षित हुन जाने स्थितिसमेत देखापरेको छ। त्यसको प्रतिक्रियास्वरूप विभिन्न आदिवासी समुदाय आफ्नो हक स्थापनाका लागि सामाजिक अभियानमा जुटेका छन्। चितवन राष्ट्रिय निकुञ्ज वरिपरिका बोटे, माझी आदि समुदायको अभियान यसको उदाहरण हो। यो एक किसिमको वातावरणीय न्यायको अभियान हो।

संरक्षित क्षेत्रको स्थापनाले उब्जाएको वातावरणीय अन्यायको अर्को समस्या त्यहाँ रहेका समुदायको विस्थापन हो। आफ्नो मौलिक परम्परामा बसेका ती जनतालाई राष्ट्रिय निकुञ्ज वा आरक्षको स्थापना अथवा विस्तार गर्ने उद्देश्यले त्यस स्थानबाट विस्थापन गरेर कुनै नयाँ ठाउँमा बसालिन्छ। यसले उनीहरूलाई वातावरण तथा प्रकृतिबाट छुट्ट्याउँछ। साथै नयाँ ठाउँमा जम्नसमेत कठिन हुन गई जीवनशैली नै छिन्नभिन्न हुनपुग्छ। यसको उदाहरण सन् १९७९ मा सरकारी निर्णयले रारा राष्ट्रिय निकुञ्जका कारण विस्थापित जनताको समस्यालाई लिन सकिन्छ (Shah 1991)। त्यसबेला मुगुको रारा र छापु गाउँबाट करिब ९०० जनालाई सुगम मानिने तराईमा बसोबास गराउँदा उनीहरूले सांस्कृतिक र वातावरणीय पीडाहरू खेप्नुपरेको थियो। यो प्रक्रियाले उनीहरूमा आफ्नो समुदाय र वातावरणबाट उखेलिएको अनुभव भएर विभिन्न सामाजिक तथा स्वास्थ्यसम्बन्धी समस्या देखापरेका थिए। यसबाट उनीहरूको जीवनशैली तथा जीविकोपार्जन नै प्रभावित भएको थियो। त्यस्तै शुक्लाफाँटा विस्तारका क्रममा कञ्चनपुर जिल्लाको रौतली र विछुवा गाविसबाट विस्थापित चार सय परिवारको जीविकोपार्जन नै सङ्कटपूर्ण भएकाले उनीहरू आन्दोलित भएका थिए (वागचन्द २०५८)।

संरक्षित क्षेत्र तथा जनताबीचको द्वन्द्व कम गर्न अगाडि सारिएका केही नीतिगत व्यवस्थाले सङ्कटमा पुगेका महत्त्वपूर्ण वन्यजन्तु (जस्तै- रातो पाण्डा,

गैंडा, बाघ आदि) को संरक्षणलाई प्रभावकारी तवरले र लामो समयसम्म ध्यान दिन नसक्ने तर्क केही पर्यावरणविद्को छ, चाहे त्यो साझा सम्पत्तिको अवधारणामा समुदायको सहभागितामा संरक्षण व्यवस्थापन गर्ने कुरा होस् (Fox et al 1996: 568) वा चितवनको खरखडाइ गर्न दिने प्रचलन जस्तै स्थानीय बासिन्दालाई सीमित र नियन्त्रित रूपमै भए पनि स्रोत सङ्कलन गर्न दिने व्यवस्था होस् (Straede and Helles 2000: 379)। यी तर्कहरू विशुद्ध संरक्षणको अवधारणाबाट प्रेरित भए पनि यिनले औँल्याएको एउटा प्रश्न महत्त्वपूर्ण छ, त्यो हो- नेपालमा संरक्षणको प्राथमिकता के हो तथा कसका लागि र किन संरक्षण गर्ने ? (यसबारे केही चर्चा यसै पुस्तकको अध्याय १ र ४ मा पनि गरिएको छ) ।

यसप्रकार स्थानीय आदिवासी समुदाय राष्ट्रिय निकुञ्ज वा आरक्ष जैविक विविधता संरक्षणमा महत्त्वपूर्ण मानिन्छन् । तर उक्त संरक्षण प्रयासबाट पर्ने नकारात्मक असरका भागिदार भए पनि संरक्षणबाट प्राप्त हुने लाभमा भने उनीहरू भागिदार हुन सकेका छैनन् । त्यस्तै निकुञ्जको स्थापना, विस्तार वा अन्य कार्यक्रम तथा त्यसको आर्थिक फाइदाबारे समेत स्थानीय जनताले जानकारी नपाएको देखिन्छ । प्राकृतिक संरक्षणबाट निम्तिएको यो वातावरणीय अन्याय कम नगरी विशुद्ध संरक्षणवादी अवधारणाबाट खास उपलब्धि हासिल गर्न गाह्रो हुन्छ । यसका लागि संरक्षणको प्राविधिक र विशुद्ध प्रबन्धनमा आधारित विश्लेषणबाहेक सामाजिक विश्लेषणले पनि नीति निर्माणमा प्रभाव पार्नुपर्छ ।

## सन्दर्भ सामग्री

एचएमजी । मिति उल्लेख नभएको । *नेपालको राष्ट्रिय निकुञ्ज र वन्यजन्तु आरक्ष* । काठमाडौँ: एचएमजी, नेशनल पार्क एण्ड वाइल्डलाइफ प्रोजेक्ट ।

घिमिरे, सोमत । २०५८ । राष्ट्रिय निकुञ्ज र जनताबीचको अन्तरसम्बन्ध । *सिर्जना* १०: २८-३१ ।

वागचन्द, उमीद । २०५८ । आरक्षबाट उठाइएकाहरू सडकमा । *हिमाल,* १६-३२ साउन, पृ. २० ।

श्रेष्ठ, तीर्थबहादुर । २०६० । राष्ट्रिय निकुञ्जको 'निजीकरण' कति जोखिमपूर्ण ? *हिमाल,* १६-३० साउन, पृ. ४२-४३ ।

Adhikary, Khagendra. 2000. An Introduction of Crop Damage by Wild Animals in the Eastern Part of the Koshi Tappu Wildlife Reserve, Nepal. Unpublished M.Sc. Thesis (Zoology), Tribhuvan University, Kathmandu.

Fox, Jeferson, Pralad Yonzon and Podger Nancy. 1996. Mapping Conflict between Biodiversity and Human Needs in Langtang National Park, Nepal. *Conservation Biology* 10(2): 562-569.

Guha, Ramchandra and Juan Martinez-Alier. 1998. *Varieties of Environmentalism: Essays North and South*. New Delhi: Oxford Univeristy Press.

Guthman, Julie. 1997. Representing Crisis: The Theory of Himalayan Environmental Degradation and the Project of Development in Post-Rana Nepal. *Development and Change* 28 (1): 45-69.

Muller-Boker, Ulrike. 1999. *The Chitawan Tharus in Southern Nepal: An Ethnoecological Approach.* Stuttgart: Steiner.

Parajuli, P. 1998. How can Four Trees Make a Jungle? *Terra Nova Nature and Culture* 3(3): 15-31.

Paudel, Naya S., Prabhu Budhathoki and Uday R. Sharma. 2007. Buffer Zones: New Frontiers for Participatory Conservation? *Journal of Forest and Livelihood* 6(2):44-53.

Shah, Saubhagya. 1991. Changes and Continuity in an Uprooted Community: A Study of the Rarals from Mugu District. Unpublished M.A. Thesis (Sociology and Anthrpology), Tribhuvan University, Kathmandu.

Shiva, V. 1991. *Ecology and Politics of Survival: Conflicts over Natural Resources in India*. New Delhi: Sage Publications.

Straede, Stefen and Finn Helles. 2000. Park-people Conflict Resolution in Royal Chitwan National Park, Nepal: Buying Time at High Cost? *Environmental Conservation* 27(4): 368-381.